जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २८२ • २०८३ श्रावण १६ गते शनिवार • 1 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## १५ जना उच्च प्रहरी अधिकृतलाई विभिन्न जिल्लामा विशेष जिम्मेवारीसहित परिचालन

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १५ श्रावण



तराई-मधेशमा पछिल्ला दिनमा बढेको सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै नेपाल प्रहरीले एआईजीदेखि एसएसपी तहसम्मका १५ जना उच्च प्रहरी अधिकृतलाई विभिन्न जिल्लामा विशेष जिम्मेवारीसहित परिचालन गरेको छ। प्रहरी प्रधान कार्यालयका प्रवक्ता डीआईजी अबि नारायण काफ्लेका अनुसार सुरक्षा अवस्थाको निरन्तर मूल्यांकन, प्रहरी परिचालनको प्रभावकारिता बढाउने, सूचना संकलन तथा विश्लेषण गर्ने, आवश्यक समन्वय र फिल्ड अनुगमनलाई प्रभावकारी बनाउन उच्च अधिकृतहरूलाई तराई-मधेश केन्द्रित रूपमा खटाइएको हो ।

१० साउन राति सुनसरीको कप्तानगञ्जमा दुई समुदायबीच भएको झडपका क्रममा सुरक्षाकर्मीको गोली लागेर एक जनाको मृत्यु भएपछि तराईका मोरङ, सुनसरी, सिरहा, धनुषा लगायत जिल्लामा तनाव बढेको थियो । त्यसयता आगजनी, तोडफोड, प्रदर्शन तथा हिंसात्मक गतिविधि भएका छन् ।

केही जिल्लामा कर्फ्यु जारी गरिएको छ भने सुरक्षा व्यवस्थापनका लागि नेपाली सेनासमेत परिचालन गरिएको छ । हालसम्म उक्त घटनाक्रमसँग सम्बन्धित हिंसामा तीन जनाले ज्यान गुमाइसकेका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार परिचालित उच्च अधिकृतहरूले प्रदेश तथा जिल्ला प्रहरी कार्यालयसँग समन्वय गर्दै सुरक्षा रणनीति कार्यान्वयन, स्रोत साधनको व्यवस्थापन, नीति निर्देशन तथा आवश्यकता अनुसार प्रत्यक्ष फिल्डमा खटिएर काम गर्नेछन् ।

परिचालन गरिएका अधिकृतमध्ये एआईजी हिमालयकुमार श्रेष्ठलाई मधेश प्रदेश, एआईजी ईश्वर कार्कीलाई कोशी प्रदेश तथा सुनसरी, एआईजी सिद्धिविक्रम शाहलाई बाँके र एआईजी उमाप्रसाद चतुर्वेदीलाई कपिलवस्तुको जिम्मेवारी दिइएको छ । यस्तै, डीआईजी दिनेश कुमार आचार्य सिरहा, डीआईजी अबि नारायण काफ्ले सप्तरी, एसएसपी भुवनेश्वर तिवारी धनुषा, एसएसपी ज्ञानेन्द्रप्रसाद फुयाँल मोरङ, एसएसपी कृष्णप्रसाद पंगेनी महोत्तरी, एसएसपी गोपालचन्द्र भट्टराई सर्लाही, एसएसपी दीप शम्शेर जबरा रौतहट, एसएसपी सोमेन्द्र सिंह राठौर पर्सा, एसएसपी होबिन्द्र बोगटी बारा, एसएसपी नवराज अधिकारी चितवन तथा एसएसपी अमरेन्द्रबहादुर सिंहलाई मधेश प्रदेशमा जिम्मेवारी तोकिएको प्रहरीले जनाएको छ। प्रहरीले तराई-मधेशका संवेदनशील क्षेत्रमा शान्ति सुरक्षा कायम राख्न आवश्यक जनशक्ति, स्रोत साधन र निगरानीलाई थप प्रभावकारी बनाइएको जनाएको छ ।

## महोत्तरीमा सीमा प्रवेशमा परिचयपत्र अनिवार्य



मो. इर्शाद
जनकपुरधाम, १५ श्रावण

मधेशमा अमन चयन कायम राख्न परिचयपत्रका आधारमा मात्रै भारतबाट नेपाल प्रवेशको व्यवस्था गरिएको छ। महोत्तरीसहित तराईका जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारीले जिल्लास्थित राजनीतिक दलका प्रतिनिधिहरूसँग धार्मिक/सामाजिक सद्भाव सम्बन्धी समन्वय बैठक गरि निर्णय गरेका छन्। सुनसरीबाट मधेशमा फैलिएको साम्प्रदायिक दंगा नियन्त्रणका लागि प्रशासनले गम्भीर भएर लागेको छ ।


महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले राजनीतिक दल लगायतको बैठक बसेर समाजमा शान्ति कायम गर्न विभिन्न निर्णय गरिएको छ। बैठकका निर्णय अनुसार हालको संवेदनशील परिस्थिति तथा जिल्लाको समग्र शान्ति सुरक्षा, अमनचयनलाई दृष्टिगत गर्दै छिमेकी मुलुकहरूबाट सीमा नाका भई नेपाल भित्रिने सम्पूर्ण यात्रुहरूलाई अनिवार्य रूपमा आफ्नो आधिकारिक पहिचान खुल्ने परिचयपत्र देखाएर मात्र प्रवेश गर्न दिइने छ । परापूर्व कालदेखि रहिआएको सामाजिक सद्भाव, भाइचारा र सांस्कृतिक ऐक्यबद्धतालाई अक्षुण्ण राख्दै संयमता अपनाउन र कुनै पनि किसिमका हिंसात्मक, द्वन्द्वमूलक वा उत्तेजक क्रियाकलापहरू हुन नदिन सम्पूर्ण जिल्लावासीहरूमा हार्दिक अपिल गर्ने निर्णय गरिएको छ ।

त्यसैगरी सामाजिक सञ्जालमा सद्भाव भड्काउने किसिमका अफवाह, भ्रामक, अपुष्ट र द्वेषपूर्ण सामग्रीहरू सम्प्रेषण नगर्न एवं त्यस्ता सामग्रीहरू शेयर नगर्न समेत आग्रह गरिएको छ। कुनै पनि धार्मिक जुलुस, र्‍याली, सभा वा सार्वजनिक कार्यक्रमहरू सञ्चालन गर्दा अनिवार्य रूपमा स्थानीय प्रशासनलाई पूर्वसूचना दिई स्वीकृति लिन प्रशासनले सबैमा आग्रह गरिएको छ। जिल्लाको समग्र शान्ति, सुव्यवस्था र अमनचयन कायम राख्न जिल्लास्थित सम्पूर्ण सुरक्षा निकायहरूलाई उच्च सतर्कताका साथ संवेदनशील क्षेत्रहरूमा गस्ती बढाउने र शंकास्पद व्यक्तिहरूलाई नियन्त्रणमा लिई अनुसन्धान गर्ने समेत निर्णय गरिएको छ ।




## शनिबार जनकपुरमा सद्भाव रैली निकालिने



धनुषा जिल्लामा मिति २०८३/०४/१५ गते बसेको सर्वपक्षिय सद्भाव समितिको बैठकमा निर्णयहरु :

१. छलफल एवं समीक्षा : धनुषा जिल्लामा बिगतका दिन देखि भईरहेको प्रदर्शन पश्चात जिल्लाको शान्ति, व्यवस्था, सुरक्षा सम्बन्धमा छलफल एवं समीक्षा गरियो ।

२. समन्वय र सहयोग : धनुषा जिल्लाको सदरमुकाम लगायत अन्य स्थानमा सामाजिक सद्भाव, शान्ति सुरक्षा र अमनचयन कायम राख्न सम्पूर्ण धर्म, समुदायका अगुवा, नागरिक समाज, बुद्धिजिवि, राजनीतिक दल, संघ संस्था, स्थानीय तहका जनप्रतिनिधिहरु र सञ्चारकर्मी लगायत सबै सरोकारवालाहरुले आ-आफ्नो तर्फबाट महत्तम प्रयास गर्ने। साथै नागरिकहरूबीच आपसी सद्भाव, भाइचारा र धार्मिक सहिष्णुता कायम गर्ने/गराउने कार्यमा सबैले आ-आफ्नो क्षेत्रबाट आवश्यक पहल तथा सहयोग गर्ने ।

३. सामाजिक सञ्जाल सचेतना : सामाजिक सञ्जाल (Facebook, Tiktok) मार्फत भ्रामक अफवाह फैलाउने पुराना सन्दर्भका विषय र घटनालाई प्रचारमा ल्याउने, एक अर्काको धर्म एवम् सम्प्रदायप्रति वितृष्णा पैदा गर्ने एक अर्काप्रति घृणा फैलाउने, अमर्यादित एवम् अशोभनीय टिकाटिप्पणी गरी सामाजिक सद्भाव बिगार्ने कार्य र प्रवृत्तिलाई आ-आफ्ना तर्फबाट निरुत्साहित गर्ने।

४. सद्भाव र्‍याली आयोजना गर्ने : विभिन्न धर्म, जातजाति, भाषाभाषी एवम् सम्प्रदायका नागरिकहरूबीच आपसी सद्भाव, भाइचारा र धार्मिक सहिष्णुता कायम गर्न जनकपुरधाममा सद्भाव र्‍यालीको आयोजना गर्ने र जिल्लाका अन्य पालिकाहरुलाई पनि सद्भाव र्‍याली गर्न अनुरोध गर्ने ।

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १५ श्रावण

धनुषामा सर्वपक्षीय सहमती भएपछि शनिबार सामाजिक सद्भाव कायम गर्न जनकपुरमा सद्भाव रैली निकालिने भएको छ । जिल्ला प्रशासन कार्यालय धनुषामा भएको सर्वपक्षीय बैठकमा धनुषा सहित केन्द्रबाट आएका प्रतिनिधि सभा सदस्य, विभिन्न धर्मका अगुवाहरु तथा विभिन्न क्षेत्रका अगुवाहरू सहितको उपस्थितिमा सो निर्णय गरिएको छ ।

सो रैलीबाट समाजमा छरिएको अन्तर द्वन्द्व तथा बिरोध हटाउने उदेश्य राखिएको छ ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सेतो फूल

मान्छ हुन्छन् यस्ता, अचानक जीवनमा आउँछन्,
आफ्नै रंगमा रंगाई फेरि बिस्तारै बदलाउँछन्।
विश्वासको भरमा मुटुभित्र गहिरो घर बनाउँछन्,
अन्त्यमा बदनामको काँडा रोपी चुपचाप टाढा भई जान्छन्।

उसकै प्रतिक्षया गर्दा "संस्कारहीन" भन्छन् यहाँ,
आँसु लुकाएर बाँचे पनि दोष त दिन्छन् यहाँ।
मनभित्र हजारौ पीडा भए पनि हाँस्न भन्छन् यहाँ,
टुटेको आत्मालाई फेरि मौन रहन सिकाउँछन् यहाँ।

फूल त सेतो छ हजुर, चमेली फूल पनि सेतो छ,
सम्मानले भरिएको त्यसको सुगन्ध कति मिठो छ।
सानो भए पनि उसको अस्तित्व कति ठूलो छ,
त्यसैले त होला उसको सुगन्ध आजसम्म अमर जस्तो छ।

तर कलशको फूल पनि सेतै भएर फूल्दो रहेछ,
हेर्दा आकर्षक भई भित्रैबाट खोक्रो हुंदो रहेछ।
सुगन्ध बिना केवल रूपले मात्रै बाँचदो रहेछ,
विश्वासघातको अन्त्यमा त्यस्तै अनुहार देखिंदो रहेछ।

समुंन्द्र जस्तो गहिरो मनलाई किनाराले छोड्यो यहाँ,
घामझैं न्यानो विश्वासलाई बादलले छेकयो यहाँ।
जुनझैं उज्यालो सपना अन्धकारमै रोकियो यहाँ,
अनि कोमल मुटु पीडाभित्र थुनियो यहाँ।

निष्ठुरी बन्न खोज्दा पनि कोमल भइन्छ यहाँ,
सत्य बोलेको भरमा एक्लै पारिन्छ यहाँ।
अति सफा मन लिएर बाँच्दा हारिन्छ यहाँ,
किनकि धेरै कोमल भयो भने "कलशको फूल" बनाईन्छ यहाँ।

लेखिका : रचना

# प्रदर्शनलाई शान्तिपूर्ण बनाउन सबै पक्षसँग आग्रह

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १५ श्रावण

जनकपुरधाम उपमहानगरपालिकाले सुनसरीसहित देशका विभिन्न स्थानमा हालै भएका हिंसात्मक तथा संवेदनशील घटनाप्रति गम्भीर चासो व्यक्त गर्दै प्रदर्शनलाई शान्तिपूर्ण बनाउन सबै पक्षसँग आग्रह गरेको छ ।



नगर प्रमुख मनोज कुमार साहद्वारा शुक्रबार जारी विज्ञप्तिमा जनकपुरधाममा बिहीबार भएको घटनाले आफूलाई व्यक्तिगत रूपमा समेत भावुक बनाएको उल्लेख गर्दै सभ्य समाजमा यस्ता हिंसात्मक घटनाको कुनै स्थान नरहेको बताएका छन् । उपमहानगरपालिकाले घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेको छ। साथै आन्दोलनका क्रममा घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कानुनी कारबाही गर्न सरकारसँग माग गरेको छ। विज्ञप्तिमा घाइतेहरूको निःशुल्क उपचार, मृतकका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिन अल्पकालीन र दीर्घकालीन योजना बनाउन नेपाल सरकारसँग आग्रह गरिएको छ ।

उपमहानगरपालिकाले मिथिलाको पहिचान संवाद, सहिष्णुता र विमर्शको भूमिका रूपमा रहेको उल्लेख गर्दै असहमतिका विषयलाई हिंसाबाट होइन, संवाद र तर्कका आधारमा समाधान गर्नुपर्नेमा जोड दिएको छ। हाल जनकपुरधाम क्षेत्रमा देखिएका प्रदर्शनहरू शान्तिपूर्ण ढंगले सञ्चालन गर्न सबै पक्षलाई अपिल गर्दै उपमहानगरपालिकाले नागरिकको जीउधनको सुरक्षा सुनिश्चित गर्न स्थानीय प्रशासन र सुरक्षा निकायलाई आवश्यक सबै उपाय अपनाउन तथा बल प्रयोग गर्दा अधिकतम संयमता अपनाउन विशेष अनुरोध गरेको छ ।

# यादवको घरमा गृहमन्त्रीको टोली पुग्नुअघि स्थानीय र सुरक्षा निकायबीच तनाव

जलेश्वरटुडे समाचारदाता
सिरहा, १५ श्रावण

सिरहाको गोलबजारमा प्रदर्शनका क्रममा गोली लागेर मृत्यु भएका १५ वर्षीय गणेश यादवको घरमा गृहमन्त्रीको टोली पुग्नुअघि स्थानीय र सुरक्षा निकायबीच तनाव सिर्जना भएको छ । गृहमन्त्री सुधन गुरुङ मृतक यादवको परिवारलाई भेट्न जाने भएपछि सुरक्षाका लागि पुगेका नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा जिल्ला प्रशासन कार्यालय सिरहाका सवारीसाधनलाई स्थानीयले मृतकको घर अगाडि घेराउ गरेका छन् ।



स्थानीयले आन्दोलनका क्रममा पक्राउ परेका प्रदर्शनकारीहरूलाई तत्काल रिहाइ गर्नुपर्ने माग राख्दै विरोध जनाएका छन् । उनीहरूले न्यायको माग गर्दै भइरहेको प्रदर्शनमा सहभागी केही व्यक्तिमाथि 'सामाजिक तथा साम्प्रदायिक सद्भाव खलबल्याएको' आरोप लगाएर नियन्त्रणमा लिइएको भन्दै आपत्ति जनाएका हुन् । सुनसरीमा भएको घटनाको विरोधमा बिहीबार सिरहाको गोलबजारमा भएको प्रदर्शनका क्रममा औरही गाउँपालिका-२ तुलसियाहीका १५ वर्षीय गणेश यादवको मृत्यु भएको थियो। घटनापछि स्थानीय क्षेत्रमा आक्रोश बढेको छ भने सुरक्षा व्यवस्था कडा पारिएको छ ।

मृतक परिवारसँग भेट गरी घटनाबारे जानकारी लिन गृहमन्त्री गुरुङ गोलबजार पुग्न लागेका हुन् । स्थानीयले भने पीडित परिवारलाई न्याय, घटनाको निष्पक्ष छानबिन र पक्राउ परेकाहरूको रिहाइको माग गर्दै दबाब दिइरहेका छन् ।


सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण
साउन ०१ देखि अशोज मसान्तसम्म अनिवार्य गरौं ।




अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेष: खानपानमा समस्या आउने
वृष: मनमा पछुतो आउने
मिथून: शुभ कार्यको शुरुवात
कर्कट: अशुभ समाचार प्राप्त हुने
सिंह: अनावश्यक चिन्ता
कन्या: विचार गरेर बोल्नुहोला
तुला: पिछडेको साथी मिल्ने
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कूम्भ: मित्रतामा फाटो आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# कृत्रिम बौद्धिकता पूर्वाधारबाट भारतीय उद्योगलाई ठूलो अवसर




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ श्रावण**

कृत्रिम बौद्धिकता (एआई) पूर्वाधार विस्तारका लागि विश्वभर तीव्र गतिमा निर्माण भइरहेका डाटा सेन्टरहरूले भारतका केबल, विद्युत् प्रणाली, फाइबर-अप्टिक र कुलिङ उपकरण उत्पादक कम्पनीहरूलाई उल्लेखनीय व्यावसायिक अवसर दिलाएका छन् ।

विश्वस्तरीय एआई मोडेल विकासमा भारत पछाडि परे पनि त्यसका लागि आवश्यक पूर्वाधार आपूर्ति गर्ने उद्योगहरू भने तीव्र रूपमा लाभान्वित भइरहेका छन् । पश्चिम भारतस्थित स्टरलाइट टेक्नोलोजीजको कारखानामा प्राविधिकहरू चौबीसै घण्टा डाटा सेन्टरका लागि आवश्यक कपालभन्दा पनि पातलो फाइबर-अप्टिक केबल उत्पादनमा व्यस्त छन् । कम्पनीका प्रबन्ध निर्देशक अङ्कित अग्रवालले एआई पूर्वाधार विस्तारलाई आफ्नो उद्योगका लागि 'जीवनमा एकपटक आउने अवसर' भएको बताए । उनका अनुसार विश्वका ठूला प्रविधि कम्पनीहरूको बढ्दो मागले कम्पनीको व्यवसायको स्वरूप नै परिवर्तन गरिरहेको छ ।

विश्लेषकहरूले यसलाई 'पिक एन्ड शोभल' रणनीतिसँग तुलना गरेका छन् । यस रणनतिमा सुन खोज्नेभन्दा आवश्यक उपकरण बेच्नेले बढी लाभ कमाउने अवस्था सिर्जना हुन्छ । भारतले अत्याधुनिक एआई चिप वा विश्वस्तरीय मोडेल विकासमा अग्रता नलिएको भए पनि त्यसका लागि आवश्यक केबल, ट्रान्सफर्मर, स्विचगियर, कुलिङ प्रणाली र विद्युत् पूर्वाधार आपूर्ति गर्ने क्षेत्रमा बलियो उपस्थिति बनाएको छ ।

श्रीराम एएमसीका कोष प्रबन्धक प्रतीक निगुडकरका अनुसार भारतले एआई चिप उत्पादन वा मोडेल प्रशिक्षण नगरे पनि प्रत्येक डाटा सेन्टरका लागि आवश्यक उपकरण उत्पादन गर्ने क्षमता हासिल गरिसकेको छ । यही कारण भारतीय उत्पादकहरू अहिले विश्वव्यापी आपूर्ति शृङ्खलामा महत्त्वपूर्ण स्थान ओगटिरहेका छन् ।

फाइबर-अप्टिक केबल उत्पादकहरू यसबाट सबैभन्दा बढी लाभान्वित भएका छन् । स्टरलाइट टेक्नोलोजीजले यसै वर्ष एक अमेरिकी 'हाइपरस्केल' क्लाउड सेवा प्रदायकसँग एक अर्ब १० करोड अमेरिकी डलर बराबरको बहुवर्षीय सम्झौता गरेको छ । त्यसपछि कम्पनीको शेयर मूल्य चार गुणाभन्दा बढीले वृद्धि भएको छ । दूरसञ्चार उपकरण निर्माता एचएफसीएलले पनि एआई सम्बन्धी मागका कारण अप्रिल-जुन त्रैमासिकमा उल्लेखनीय आम्दानी वृद्धि गरेको जनाएको छ ।

# बलिउड स्टार शिल्पा शेट्टी नेपालमा




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ श्रावण**

बलिउडकी चर्चित अभिनेत्री शिल्पा शेट्टी आज नेपाल आएकी छन् । उनको नेपाल भ्रमण कुनै चलचित्रको प्रचार, छायाङ्कन वा व्यक्तिगत बिदाका लागि होइन, बरु नेपाललाई अन्तर्राष्ट्रिय गन्तव्यका रूपमा विश्वसामु चिनाउने उद्देश्यले आयोजना गरिएको हो ।

भारतको अग्रणी इभेन्ट तथा वेडिङ उद्योगको संस्था (EMF Global) ले पहिलो पटक नेपालमा आयोजना गरेको १३औँ EMF ACE Global Convention & Awards २०२६ मा सहभागी हुन शिल्पा काठमाडौँ आएकी हुन् । साउन १५ देखि १७ गतेसम्म द सोल्टी काठमाडौँमा सञ्चालन हुने सम्मेलनमा भारतसहित सात देशका करिब ५५० जना इभेन्ट व्यवस्थापक, वेडिङ प्लानर, पर्यटन व्यवसायी, लगानीकर्ता तथा आतिथ्य क्षेत्रका प्रतिनिधिहरू सहभागी हुँदैछन् । विश्वभर चर्चित बलिउड अनुहार शिल्पा शेट्टीको सहभागिताले सम्मेलनलाई अन्तर्राष्ट्रिय आकर्षण थप्ने विश्वास आयोजकको छ ।

सम्मेलन मार्फत नेपाललाई लक्जरी वेडिङ, अन्तर्राष्ट्रिय सम्मेलन, कर्पोरेट इभेन्ट र प्रोत्साहन भ्रमणका लागि उपयुक्त गन्तव्यका रूपमा विश्व बजारमा प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ । सम्मेलनका सहभागीहरूले काठमाडौँसँगै पोखरा, चितवन र जनकपुरको पनि भ्रमण गर्नेछन् । यसबाट नेपालको प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, धार्मिक पर्यटन, स्तरीय होटल तथा आतिथ्य सेवाको प्रत्यक्ष अनुभव अन्तर्राष्ट्रिय इभेन्ट उद्योगका निर्णयकर्ताहरूले गर्नेछन्, जसले भविष्यमा नेपालमा ठुला अन्तर्राष्ट्रिय कार्यक्रम तथा गन्तव्य विवाह आयोजना हुने सम्भावना बढाउने अपेक्षा गरिएको छ । शिल्पा शेट्टीसँगै सम्मेलनमा बलिउड अभिनेता शक्ति कपूर, विक्रान्त मेसी तथा नेपाली अभिनेत्री मनीषा कोइरालाको पनि सहभागिता रहनेछ। मनोरञ्जन क्षेत्रका यी चर्चित व्यक्तित्वहरूको उपस्थितिले नेपालमा आयोजना भइरहेको सम्मेलनलाई थप अन्तर्राष्ट्रिय चर्चा दिलाउने अपेक्षा गरिएको छ । पर्यटन व्यवसायीहरूका अनुसार यस्ता सम्मेलनले तत्काल होटल, ट्राभल, इभेन्ट व्यवस्थापन, यातायात र अन्य सेवा क्षेत्रमा आर्थिक गतिविधि बढाउनुका साथै दीर्घकालमा नेपाललाई अन्तर्राष्ट्रिय माइस तथा डेस्टिनेशन वेडिङ बजारको प्रतिस्पर्धी गन्तव्यका रूपमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ ।












# प्रदेशको प्रभावकारिता अभिवृद्धि कसरी ?

-नेपालको संघीयता सुदृढ बनाउन प्रदेशको पुनःसंरचना, वित्तीय स्वायत्तता, कानुनी स्पष्टता र अन्तरतह समन्वयमा सुधार आवश्यक छ। प्रदेशसभा खारेज गर्नुको सट्टा अधिकारसम्पन्न, जवाफदेही र सक्षम प्रदेश सरकार निर्माण गर्नु नै दीर्घकालीन समाधान हो । संविधान संशोधन प्रक्रियामा सबै दलको सहभागिता र सहमति अपरिहार्य छ भने, प्रदेशको प्रभावकारिता अभिवृद्धिका लागि तत्काल ठोस कदम चाल्नुपर्छ ।

लोकतान्त्रिक मुलुकको संविधान अकाट्य दस्ताबेज होइन, त्यो समाजको परिवर्तनशील आवश्यकता र राजनीतिक परिपक्वताअनुसार गतिशील रहने जीवन्त कानुनी दस्ताबेज हो । त्यसैले समय-समयमा संशोधन गर्नुलाई राजनीतिक अस्थिरताको सूचक मान्नु हुँदैन । संसारका संघीय लोकतान्त्रिक मुलुक भारत, जर्मनी, अमेरिका र दक्षिण अफ्रिकाले समयसापेक्ष संवैधानिक संरचनामाथि परिमार्जन गर्दै लोकतन्त्रलाई मजबुत बनाउँदै आएका छन् । नेपालको हालको संविधान जारी भएको झन्डै ११ वर्ष पूरा हुन दुई महिनाभन्दा कम समय बाँकी छ । त्यसैले यसको समीक्षा र आवश्यक संशोधनको बहस उठ्नु स्वाभाविक अनि परिपक्व राजनीतिक अभ्यास हो । तर, संशोधन र पुनर्लेखनबीचको फरक छुट्याउन सकिएन भने वा संशोधनलाई राजनीतिक भाग्य परीक्षणको माध्यम बनाउँदा त्यो संविधानको समयसापेक्ष परिमार्जनको अवसर नभई द्वन्द्वको नयाँ बीउ रोप्ने प्रयोग पनि हुन सक्छ । द्वन्द्वको नयाँ बीउ रोप्ने कि एउटा सहमतीय सुझबुझका साथ अगाडि बढ्ने ? यो संशोधनको कन्टेन्ट, सत्ताको शैली, प्रक्रिया र उक्त प्रक्रियामा साझेदारहरूको सहभागिता अनि अपनत्वले निर्धारण गर्ने विषय हो । असिम शाहको संयोजकत्वमा संविधान संशोधन बहसपत्र तयार पार्न गठित कार्यदलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन बुझाइसकेको छ । सत्तारूढ कार्यदल प्रधानमन्त्रीको राजनीतिक सल्लाहकारको संयोजकत्वमा गठित भएकाले अन्य दलले यसको निष्पक्षतामाथि प्रारम्भदेखि नै प्रश्न उठाइरहेका छन् । यसरी प्रक्रियामै दलहरूबीचको फरक-फरक मतले संविधान संशोधनको यात्रा कहाँसम्म पुग्ला ? शंका गर्न सकिने थुप्रै विषय छन् । तर, आजको बहस सत्ताधारी दल रास्वपाकै एउटा धारले नेपालको प्रदेशसभा खारेजीको विषय अगाडि ल्याएबारे केन्द्रित छ । प्रभावकारिता अभिवृद्धिमा चार सुरुवातः हाल प्रदेशको विपक्षमा आएको आलोचना कम गर्न र प्रदेशलाई बढी प्रभावकारी अनि सक्षम बनाउन मूलतः चार वटा काम ढिला नगरी अगाडि बढाउनुपर्छ ।

प्रदेशलाई साँच्चिकै अधिकारसम्पन्न अनि संघीय सरकारको केन्द्रीय र नियन्त्रणमुखी सोच घटाई सक्षम प्रदेश बनाउन यसको पुनःसंरचना अपरिहार्य छ । यसबारे राजनीतिक दलहरूबीच बृहत् सहमतिको वातावरण बनाउन ढिलो गर्नु हुँदैन । पहिलो, हालको फजुल खर्च कटौती र आकार परिमार्जन गर्न प्रदेशसभाका सांसद संख्या हालको भन्दा आधाले घटाउनु व्यावहारिक कदम हुनेछ । हामीले दस वर्ष गरेको अनुभवका आधारमा ५५० वटा प्रदेशसभाका सदस्यलाई बिजनेस पुगेन । नेपालको संविधान अनुसार, प्रदेश मन्त्रिपरिषद्मा मुख्यमन्त्रीसहित प्रदेशसभाका कुल सदस्य संख्याको बढीमा २० प्रतिशतसम्म मन्त्री हुन पाउने संवैधानिक व्यवस्था छ । संविधानको धारा १६८ को यस व्यवस्थाले नै प्रदेश सत्तामा घिनलाग्दो चलखेल भयो । संवैधानिक व्यवस्थाअनुसारै अधिकतम मन्त्रीहरू राखेर क्याबिनेटको साइज बढाउँदा मन्त्रीहरूको बिजनेस पुगेन र जनतामा आक्रोश देखापऱ्यो । त्यसकारण मन्त्रिपरिषद्को आकार पनि कुल सांसद संख्याको निश्चित प्रतिशतमा सीमित नराखी प्रत्येक प्रदेशमा ५-७ मन्त्रालयमा सीमित राख्दा प्रदेश सरकार चुस्त र प्रभावकारी हुन सक्छ ।

यस्तो कटौतीबाट सांसदको तलबभत्ता, सुविधा, गाडी, सचिवालय खर्च र मन्त्रालयगत प्रशासनिक भारमा प्रत्यक्ष रूपमा उल्लेख्य बचत गर्न सकिन्छ । नेपालको सन्दर्भमा छरितो, सक्षम र कम खर्चिलो प्रदेश सरकार नै दीर्घकालमा नागरिकको विश्वास कमाउने अचुक उपाय हो । दोस्रो, वित्तीय स्वायत्तता र आन्तरिक आय विस्तारित गर्न आन्तरिक स्रोत परिचालन, राजस्व बाँडफाँटको सूत्रलाई थप वैज्ञानिक-व्यावहारिक बनाउने । र, प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टीमा प्रदेश हिस्सा बढाउने व्यवस्था नगरी अरू उपाय नै छैन ।

प्रदेशहरूलाई आफ्नै आन्तरिक स्रोतबाट धानिने क्षमता दिनु नै दीर्घकालीन वित्तीय अनुशासनको बाटो हो । त्यसैले हाल नेपालको सार्वजनिक ऋण जीडीपीको झन्डै आधा नजिक पुगेको गम्भीर अवस्थामा यसै पनि आन्तरिक स्रोत परिचालन र वित्तीय अनुशासनको महत्त्व झन् बढेको छ । यसका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस प्रणालीलाई थप पारदर्शी र सूत्रमा आधारित बनाउनु, स्थानीय र प्रादेशिक करको दर नबढाई दायरा फराकिलो पार्नु अनि पर्यटन, जलविद्युत् तथा कृषिजस्ता क्षेत्रबाट



प्राप्त हुने राजस्वमा प्रदेशको हिस्सेदारी संस्थागत रूपमा तोकेर अगाडि बढ्दा प्रदेशको वित्तीय क्षमता बढ्न सक्छ ।

तेस्रो, संवैधानिक-कानुनी सुधारका लागि संविधानको अनुसूचीमा भएको प्रदेशको एकल-साझा अधिकार सूचीका अस्पष्टताले संघ र प्रदेशबीच बारम्बार जुन किसिमको कानुनी टकराव निम्त्याइरहेको छ, त्यसलाई पुनर्परिभाषित गर्नुपर्ने विषय अपरिहार्य छ । संविधान जारी भएको एक दशक बित्नै लाग्दा संघीय निजामती सेवा ऐन नै बन्न नसकी प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत संघीय सरकार मातहत रहने कि प्रदेश/स्थानीय तह मातहत भन्ने आधारभूत प्रश्न अनिर्णीत छ । यसले प्रदेश सरकारहरूलाई आफ्नै मातहतका कर्मचारीमाथि प्रभावकारी नियन्त्रण गर्न सकिरहेका छैनन् । त्यस्तै प्रदेश प्रहरी सेवासम्बन्धी कानुनी व्यवस्था पनि प्रदेशहरूले आआफ्नै गतिमा टुक्रे रूपमा अघि बढाउनुपरेको छ, जसले एकरूपता र समन्वयको अभाव देखाउँछ । माथि उल्लिखित दुई ऐन उदाहरण मात्रै हुन् । तर, यी दुई उदाहरणले भन्छन- समस्या प्रदेशको अस्तित्वमा होइन, अनुसूचीगत अधिकार-विभाजनको अस्पष्टता र संघीय तहको कार्यान्वयन अनि नियन्त्रणमुखी मानसिकतामा छ । प्रदेशसभा हटाउनुभन्दा अनुसूचीलाई थप स्पष्ट र कार्यान्वयनयोग्य बनाउने गरी संशोधन गर्नु नै असली अर्थमा सशक्त संघीयताको जग हो ।

साभार : कान्तिपुर ।


“पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।“



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
शहिदनगर नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday